# अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सिबिआर) सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७

**कार्यपालिकाबाट पारित मिति :** २०७७।०५।२९

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सिबिआर) सहयोग कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा बजेट विनियोजन गरेको छ । उक्त कार्यक्रम कार्यान्वयन गर्न निष्पक्ष रुपमा संस्था छनोट गर्नको लागि यो मापदण्ड तयार गरी जारी गरिएको छ ।

## १. संस्था छनोटका प्रक्रिया तथा मापदण्डहरु:

क) संस्था छनोट सम्बन्धी कार्य सिबिआर समन्वय तथा अनुगमन समितिले गर्ने ।

ख) सिबिआर समन्वय तथा अनुगमन समितिको निर्णयको आधारमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गरी प्रस्तावपत्र माग गर्ने । सुचनामा संस्था छनोटका आधार र प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातको बारेमा उल्लेख गर्नुपर्ने ।

ख) गाउँपालिका भित्र अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ, संस्थालाई प्राथमिता दिने, गाउँपालिका भित्र त्यस्तो संस्था कार्यरत नभए दोलखा जिल्लामा कार्यरत अन्य संस्थाको प्रस्तावपत्रलाई समेत छनोट गर्न सकिने ।

ग) संस्था छनोटका लागि समितिले विभिन्न संस्थाहरुबाट प्राप्त प्रस्तावपत्र र दस्तावेजहरु आवश्यक छानविन गरी तोकिएको मुल्याङ्कनको आधारमा अङ्कभार राखी मुल्याङ्कन गर्नुपर्ने र सबैभन्दा बढी प्राप्ताङ्क ल्याउनेलाई छनोट गर्ने तथा दोस्रो उच्च अङ्क ल्याउनेलाई बैकल्पिकमा सिफारिस गर्ने ।

घ) छनोट भएको संस्थालाई कार्यक्रम गर्न सम्झौताको लागि पत्रचार गर्ने, सम्झौता गरी कार्यादेश दिने ।

## २. छनौट भएको संस्थाले संचालन गर्न सक्ने क्रियाकलाप

१. अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एंव अवसर प्राप्त गर्न मद्दत गर्ने,

२. स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवक लगायतका सरोकारवालाहरुसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने,

३. अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्वन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने,

२०७७।०५।२२

(जिम बहादुर खड्का)
अध्यक्ष

Scanned by TapScanner

४. अपाङ्गता भएका व्यक्तिहरुको अविलम्व पहिचान एंव सेवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहीत शिक्षा, तालिम (रोजगार र व्यावसायिक तालीम) स्वास्थ्यपोचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने,

५. अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागी अपाङ्गता निरोध, न्युनीकरण एवं उपचारात्मक लागायत सचेतना सम्वन्धी तालिम, कार्यक्रम, गोष्ठि, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने,

६. अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराउने,

७. अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्न अन्य क्रियाकलाप गर्ने ।

## ३. अनुदान प्राप्त गर्ने संस्थाको दायित्व

अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गनुपर्नेछ :-

(क) प्राप्त अनुदानको हिसाव किताव प्रचलित लेखा प्रणाली अनुसार राख्नुपर्नेछ,

(ख) वित्तीय तथा भौतीक प्रगती विवरण प्रत्येक चौमासिक सकिएको ७ दिनभित्र स्थानीय तहमा पेश गर्नुपर्नेछ,

(ग) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गरी सो को एक प्रति र त्यस उपर संस्थाको प्रतिक्रिया सहितको प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

## ४. संस्था छनोटका लागि मुल्याङ्कनका आधारहरु :

- गौरीशङ्कर गाउँपालिका भित्र कार्यरत — १० अङ्क
- जिल्ला भित्र कार्यरत — ५ अङ्क
- प्रस्तावित कार्यक्रमको औचित्यता — २० अङ्क
- विगतमा सम्वन्धीत क्षेत्रमा काम गरेको अनुभव :-

  क) एक बर्ष भन्दा कम — ५ अङ्क

  ख) १ देखि ५ बर्ष — १० अङ्क

  ग) ५ बर्ष भन्दा माथि — १५ अङ्क

[बहादुर ...]
अध्यक्ष

Scanned by TapScanner

५. प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :

- संस्था दर्ता प्रमाणपत्र
- नवीकरण गरिएको कागजात
- आ.व २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन
- संस्थाको विधानमा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने प्रावधान भएको
- अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजातहरु

६. सम्झौताको ढाँचा :

## सम्झौता पत्र

गौरीशंकर गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र ............................................................... नामक संस्था (यसपछि दोस्रो पक्ष भनिने) बीच अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सिबिआर) सहयोग कार्यक्रम कार्यान्वयनका लागि तपशीलको सर्तको अधिनमा रही काम गर्ने गरी यो सम्झौता पत्रको दुई प्रतिमा सहीछाप गरी एक-एक प्रति बुझि लियौंदियौं ।

सर्तहरु :

१) दोस्रो पक्षले स्वीकृत कार्यक्षेत्रगत सर्त, गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सिबिआर) सहयोग कार्यक्रम कार्यान्वयन गर्नका लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७ र प्रदेश सरकारको सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन गर्ने छ ।

२) दोस्रो पक्षलाई कार्यक्रम सुरु गरी पहिलो मासिक प्रगति प्रतिवेदन पेश गरेपछि जम्मा बजेटको एक तिहाई रकम पेश्की स्वरुप उपलब्ध गराईनेछ । बाँकी रकम कार्यक्रम सम्पन्न भए पश्चात कार्यप्रगति प्रतिवेदन यस गाउँपालिकाको समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा एकमुष्ट सोधभर्ना दिइनेछ।

३) बजेटको सिमा रु. ३,००,०००।- हुनेछ ।

४) भुक्तानी लिन खर्चको विवरण र उक्त खर्चलाई पुष्ट्याई गर्ने बिल भरपाई पेश गर्नुपर्ने छ । नेपाल सरकारको प्रचलित नियम अनुसार कर कट्टा गरी भुक्तानी दिइनेछ ।

Scanned by TapScanner

५) कार्यक्रम तथा सम्झौताको सम्बन्धमा कुनै विवाद तथा अन्योल उत्पन्न भएमा यस गाउँपालिकाको सिबिआर समन्वय तथा अनुगमन समितिले निर्णय गर्नेछ ।

| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
|---|---|
| नामथर : | नामथर : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| संस्थाको छाप : | कार्यालयको छाप : |
| | रोहबर : |
| | नामथर : |
| | पद : |

Scanned by TapScanner

# सिबिआर सहयोग कार्यक्रम को कार्यक्षेत्रगत सर्त (TOR)

**१. कार्यक्रमको पृष्ठभुमी** : अपाङ्गता सम्वन्धी राष्ट्रिय घोषणा, नीति र मान्यता अनुरुप नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गीण हित र पुनर्स्थापनाको लागि विविध कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरुको समुचित पुनर्स्थापना, अधिकार र समान अवसर सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि राज्यका तीन तहका सरकारले आ-आफ्नो नीति तथा कार्यक्रम र बजेट निर्माण गरेको अवस्था छ। यसै सन्दर्भमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सिबिआर) सहयोग कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा बजेट विनियोजन गरेको छ। उक्त कार्यक्रमको लागि सिबिआर सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७ समेत निर्माण गरिएको छ।

**२. कार्यक्रमको उद्धेश्य :**

- अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरुको सवै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिको सहभागिता बढाउने।
- अपाङ्गता हुन नदिन समयमै पहिचान, रोकथाम, न्यूनिकरण गर्ने र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्ने।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास, लघु कर्जा, सहायक सामग्री आदि) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्वी बनाउने।

**३. कार्यक्रमको कार्यक्षेत्र** : गौरीशङ्कर गाउँपालिका

**४. छनोट भएको संस्थाले सञ्चालन गर्न सक्ने क्रियापलाप :**

- अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानूनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्रदान गर्न मद्धत गर्ने

...न बहादुर ...
अध्यक्ष

Scanned by TapScanner

- गाउँपालिकामा तालिम सञ्चालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयमसेवक लगायत सरोकारवालाहरुसँग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा, परामर्श, पूर्वतयारी कक्षा सञ्चालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यावसायिक तालिम), स्वास्थ्य उपचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने
- अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय तहका पदाधिकारी, समुदायका लागि अपाङ्गता निरोध, न्यूनिकरण एवं उपचारात्मक लगायत सचेतना समबन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अन्तर्क्रिया सञ्चालन गर्ने गराउने
- अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामग्री उपलब्ध गराउने
- अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रबर्द्धन गर्न अन्य क्रियाकलाप गर्ने

५. **कार्यक्रम अवधि** : ३ महिना

६. **विनियोजित बजेट** : रु. ३,००,०००।-

७. **प्रतिवेदन** : कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्नुपर्ने

८. **भुक्तानी** : कार्यक्रम सुरु गरी पहिलो मासिक प्रगति प्रतिवेदन पेश गरेपछि जम्मा बजेटको एक तिहाई रकम पेश्की स्वरुप उपलब्ध गराईनेछ । बाँकी रकम कार्यक्रम सम्पन्न भए पश्चात कार्यप्रगति प्रतिवेदन तथा समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा एकमुष्ट सोधभर्ना दिइनेछ ।

९. कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सिबिआर) सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनोट सम्बन्धी मापदण्ड, २०७७ र प्रदेश सरकारको सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम सञ्चालन हुनेछ ।

...बहादुर ...
अध्यक्ष

Scanned by TapScanner